आज मिति २०७९।११।०५ गतेका दिन गण्डकी गाउँपालिका, गाउँ कार्यपालिकाको आ.व. २०७९।८० को १२ औं (९९ औं) बैठक गण्डकी गाउँपालिका अध्यक्ष श्री दिपक तिमिल्सिनाज्यूको अध्यक्षतामा गण्डकी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको बैठक कक्षमा वस्यो । उपस्थिति र निर्णय देहाय वमोजिम रहेको छ ।

<u>उपस्थिति</u>

| क.स. | पदाधिकारीज्युहरुको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दिपक तिमिल्सिना | अध्यक्ष | |
| २ | श्री ललिता अधिकारी | उपाध्यक्ष | |
| ३ | श्री तोप मान गुरुङ | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री यम वहादुर थापा | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री सुवास पन्त | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री राजुवावु भण्डारी | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री पहलमान वयलकोटी | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री तुल वहादुर गुरुङ | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री तुलसी रेग्मी | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री कोकिल वहादुर पुलामी मगर | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री सिताराम विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १२ | श्री अ माया राना | कार्यपालिका सदस्य | अमाया |
| १३ | श्री कुन्ति माया प्रजा | कार्यपालिका सदस्य | |
| १४ | श्री तारा परियार | कार्यपालिका सदस्य | तारा |
| १५ | श्री लक्ष्मी श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १६ | श्री लक्ष्मी वाग्दस | कार्यपालिका सदस्य | laxmi |
| १७ | श्री रिजेश उपरकोटी | प्रमुख प्रशासकीय अधिकृत | |

**प्रस्तावहरु**

१) पूर्व निर्णय समीक्षा सम्बन्धमा ।
२) अनुगमन समितिको प्रतिवेदन सम्बन्धमा ।
३) जिल्ला मौज्दात कोषका लागि रकम माग सम्बन्धमा ।
४) प्रहरी चौकी स्थानान्तरण सम्बन्धमा ।
५) व्यवसाय दर्ता तथा घर अभिलेखीकरण शिविर सञ्चालन सम्बन्धमा ।
६) नवप्रवर्तन साझेदारी कोषको शिर्षक रकमान्तर सम्बन्धमा ।
७) विदा तथा वायोमेट्रिक हाजिरीको सम्बन्धमा ।
८) नर्सरी कार्यविधि २०७९ सम्बन्धमा ।
९) स्थानीय पाठ्यक्रम स्वीकृति सम्बन्धमा ।
१०) सिमान्तकृत र दलित समुदायको गरीवी न्युनिकरण र क्षमता विकास कार्यक्रम कार्यान्वयन कार्यविधि सम्बन्धमा ।
११) मकैसिं प्राथमिक स्वास्थ्य केन्द्र भवनको डिपिआर तथा भवन निर्माणका लागि रकम माग गरी मन्त्रालयमा पठाउने सम्बन्धमा ।
१२) विविध

**निर्णयहरु**

**निर्णय नं. १**

चालु आर्थिक वर्ष २०७९।८० को माघ ५ तथा २५ गते सम्पन्न कार्यपालिकाको बैठकवाट भए गरेका निर्णयहरु र निर्णय कार्यान्वयनको अवस्थाका सम्बन्धमा आजको यस बैठकमा समीक्षा भयो । सो सम्बन्धमा उक्त मितिहरुमा भएका निर्णयहरु कार्यान्वयन भई सकेको र केही निर्णयहरु कार्यान्वयको प्रक्रियामा रहेको जानकारी भयो । साथै फाल्गुण १ गते भव्यताका साथ सम्पन्न भएको जनयुद्ध दिवसको अवसरमा आयोजित गरिमामय समारोहलाई प्रमुख आतिथ्यताको लागि समय प्रदान गरी समुपस्थित हुनु भएकोमा नेपाल सरकारका उपप्रधान एवं भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री नारायणकाजी श्रेष्ठज्यू, विशेष अतिथि गोरखा जिल्ला निर्वाचन क्षेत्र नं. १ का विर्तमान साँसद माननीय हरीराज अधिकारीज्यु लगायत कार्यक्रमलाई सभ्य, भव्य एवं उल्लासमय वातावरणमा सम्पन्न गर्न सहयोग पुर्‍याउनु भएकोमा राजनीतिक दलका प्रतिनिधिज्यूहरु, गाउँपालिकाका जनप्रतिनिधिहरु, गाउँपालिकाका राष्ट्रसेवक कर्मचारी, शहीद तथा वेपत्ता परिवारजन, नागरिक समाज, सञ्चारकर्मि तथा पत्रकार सहित सम्वद्ध सवैमा आजको यस बैठक हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गर्दछ ।

**निर्णय नं. २**

अनुगमन समिति मार्फत चालु आ.व. २०७९।८० को लागि स्वीकृत योजना तथा कार्यक्रमहरु मध्ये उपभोक्ता समिति तथा निर्माण व्यवसायी मार्फत सञ्चालन भई निर्माणाधिन अवस्थामा रहेका तथा सम्पन्न भएका योजनाहरुको माघ महिनामा अनुगमन गरी समितिका संयोजक मार्फत पेश हुन आएको अनुगमन प्रतिवेदन आजको यस बैठकमा प्रस्तुत भई जानकारी भयो । सो सम्बन्धमा अनुगमन कार्यलाई थप प्रभावकारी वनाई योजना तथा कार्यक्रम गुणस्तरीय रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाउने र प्राविधिक कार्यसम्पन्न प्रतिवेदन तथा अनुगमन समितिको प्रतिवेदनको आधारमा तत्काल उपभोक्ता समिति तथा निर्माण व्यवसायीहरुलाई तपसिल बमोजिम योजनाहरुमा दिइएको भुक्तानी अनुमोदन गर्ने निर्णय गरियो ।

**तपसिल**

| | |
|---|---|
| १) वडा नं. १ लाँकुरीछाप पहिरो नियन्त्रण रु. | ९९४७४।३६ |
| २) वडा नं. १ कोलडाँडा पहिरो नियन्त्रण निरन्तरता रु. | ९५७५९।५२ |
| ३) वडा नं. ३ गैरावारी वटुकी स्कुल ठुलो पधेरा वाटो स्तरोन्नती रु. | ३९९६४३।५० |
| ४) वडा नं. ३ विर्ताको धारा देखि महिला भवनसम्म सिढि वाटो रु. | १९८२९४।१६ |
| ५) वडा नं. ५ राइथोक सामुदायिक भवन निर्माण रु. | २३८०५२।३५ |
| ६) वडा नं. ५ स्मरण युवा क्लव भवन निर्माण रु. | २९९८१८।३५ |
| ७) वडा नं. ६ आँपचौर हुदै हवल सडक निर्माण रु. | ४६४९६०।८० |
| ८) वडा नं. ६ कोराक देखि आँपचौर ग्याबियन भर्ने कार्य रु. | ९५४९००।६० |
| ९) वडा नं. ६ देविस्थान महिला समूह भवन निर्माण रु. | ३४५३१४।७१ |

१०) वडा नं. ६ देविस्थान महिला समूह ख भवन निर्माण रु. ३३८३१०।९७
११) वडा नं. ७ ज्ञानमार्ग मा.वि. प्रशासनिक भवन निर्माण दोश्रो रु. १७९२६४७।०७
१२) वडा नं. ७ आकाशगंगा अधुरो महिला भवन मर्मत रु. १९९५६४।७०
१३) वडा न.. ७ वडा कार्यालय लामिडाँडा वाटो स्तरोन्नती रु. ४९४७५६।२७
१४) वडा नं. ७ पढदै कमाउदै कार्यकम रु. २०००००।००
१५) वडा नं. ८ त्रिशक्ति दलित महिला भवन निर्माण रु. ४९९१९९।२९
१६) वडा नं. ८ चारधारे ज्यामिरेश्वाँरा सिंचाई कुलो मर्मत रु. ९९६७८।१७
१७) वडा नं. ८ माझी चण्डीस्थान मन्दिर निर्माण रु. १९९३५७।१६
१८) वडा नं. ८ चुरेडाँडा खानेपानी ट्याकी निर्माण रु. ९९९७०।३०
१९) वडा नं. ६ डाँडागाउँ सिडि निर्माण रु. ९३८०८।९२
२०) वडा नं. ६ भैरवी मन्दिर निर्माण रु. ३२३०८१९।०८

**निर्णय नं. ३**

जिल्ला मौज्दात कोषका लागि रकम माग सम्वन्धमा आजको यस वैठकमा छलफल हुदाँ जिल्ला समन्वय समितिको मौज्दात कोष सञ्चालन निर्देशिका, २०७५ को दफा ५ बमोजिम जिल्ला समन्वय समितिमा प्रस्ताव पेश गर्ने प्रयोजनका लागि दफा ६ मा उल्लेखित कार्यक्रम छनौटको आधार समेतलाई दृष्टिगत गरी तपसिल बमोजिम योजना तथा कार्यक्रम छनौट गरी कार्यान्वयनका लागि जिल्ला समन्वय समितिमा सिफारिस गरी पठाउने र सोही निर्देशिकाको दफा ८ बमोजिम गाउँपालिकाको तर्फवाट व्यहोर्नु पर्ने लागत साझेदारी रकम गाउँपालिकावाट व्यहोर्ने प्रतिवद्धता सहित लेखि पठाउने निर्णय गरियो ।

**तपसिल**

१) प्रशासनिक मुख्य सेवा केन्द्र तथा तोमनडाँडा मा.वि. खानेपानी योजना

**निर्णय नं. ४**

साविकमा गण्डकी गाउँपालिका वडा नं. ६ स्थित भुम्लीचोकवाट सेवा प्रदान भै आएको गण्डकी गाउँपालिकाको प्रशासनिक काम कारवाहीहरु आम जनताको सहजतालाई मध्यनजर गरी हाल गण्डकी गाउँपालिका वडा नं. ६ भुम्लीचोक अन्तर्गतकै तोमनडाँडावाट (साविकको कार्यलय रहेको स्थानवाट ४ किमि तल हाइवे नजिक) प्रदान गरिदै आएको सन्दर्भमा भुम्लीचोक गाउँ हवलमा रहेको प्रहरी चौकीलाई समेत यसै गण्डकी गाउँपालिका वडा नं ६ अन्तर्गतकै हाल कार्यालय सञ्चालनमा रहेको क्षेत्र नजिकै रहने गरी स्थानान्तरण गर्नु पर्ने भएकोले सो सम्वन्धमा जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय लगायत सम्वद्ध निकायमा अनुरोध गरी पठाउने र उक्त प्रहरी चौकीको कार्यालय तथा अस्थायी आवास व्यवस्थापन गाउँपालिका कार्यालयको तर्फवाट यसै प्रशासनिक सेवा केन्द्र वरीपरी मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ५**

व्यवसाय दर्ता तथा घर अभिलेखीकरण शिविर सञ्चालन सम्वन्धमा आजको यस वैठकमा छलफल हुदाँ यहि फाल्गुण ११ गते देखि गण्डकी गाउँपालिकाको विभिन्न वडाहरु केन्द्रित गरी देहाय बमोजिम मिति, समय र स्थानहरुमा व्यवसाय दर्ता तथा घर अभिलेखिकरण शिविर सञ्चालन गर्ने र सो को व्यापक प्रचार प्रसार गर्न विभिन्न सन्देश तथा जानकारीमूलक व्रोशर, पर्चा पम्लेट तथा व्यानर वोर्डहरु तयार गरी वितरण तथा व्यवस्थापन गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.स. | शिविर सञ्चालन हुने | | | समेटिने वडाहरु | कैफियत |
|---|---|---|---|---|---|
| | मिति | समय | स्थान | | |
| १ | मिति २०७९।११।११ र १२ गते | १० वजे | गण्डकी गाउँपालिका वडा नं. ६ | वडा नं. ६ | |
| २ | मिति २०७९।११।१३ र १४ गते | १० वजे | गण्डकी गाउँपालिका वडा नं. १ वडा कार्यालय | वडा नं. १ | |
| ३ | मिति २०७९।११।१५ र १६ गते | १० वजे | गण्डकी गाउँपालिका वडा नं. २ वडा कार्यालय | वडा नं. २ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | मिति २०७९।११।१७ र १८ गते | १० बजे | गण्डकी गाउँपालिका वडा नं. ३ वडा कार्यालय | वडा नं. ३ | |
| ५ | मिति २०७९।११।१९ र २० गते | १० बजे | गण्डकी गाउँपालिका वडा नं. ४ वडा कार्यालय | वडा नं. ४ | |
| ६ | मिति २०७९।११।२४ र २५ गते | १० बजे | गण्डकी गाउँपालिका वडा नं. ५ वडा कार्यालय | वडा नं. ५ | |
| ७ | मिति २०७९।११।२६ र २७ गते | १० बजे | गण्डकी गाउँपालिका वडा नं. ७ वडा कार्यालय | वडा नं. ७ | |
| ८ | मिति २०७९।११।२८ र २९ गते | १० बजे | गण्डकी गाउँपालिका वडा नं. ८ वडा कार्यालय | वडा नं. ८ | |

**निर्णय नं. ६**

गत आ.व. २०७८।०७९ देखि कार्यान्वयन गर्ने गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश पोखरामा संझौता भई कार्यान्वयनमा रहेको नवप्रवर्तन साझेदारी परियोजना चालु आ.व.मा निरन्तर कार्यान्वयन चरणमा रहेको र परियोजना स्वीकृत हुदाँ कायम रहेका कतिपय कार्यकमहरुमा गाउँपालिकाको राजश्व सुधार कार्यकमसँग सम्बन्धित रही आवश्यकताका आधारमा संशोधन गरी कार्यान्वयन गर्नु पर्ने देखिएको हुदाँ कार्यकम स्वीकृत हुदाँ कायम रहेका तपसिल बमोजिमका कार्यकमहरुको सट्टामा निम्नानुसार हुने गरी संशोधन गरी कार्यान्वयन गर्ने गर्नु पर्ने भएकोले संशोधन गरी कार्यान्वयन गर्ने गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश पोखरामा अनुरोध गरी पठाउने निर्णय गरियो ।

**तपसिल**

| क्र.स. | स्वीकृत कार्यक्रममा(साविकमा) कायम रहेको र वजेट रकम | | संशोधन गरी कायम गर्ने | | कैफियत |
|---|---|---|---|---|---|
| | कार्यकम शीर्षक | वजेट | कार्यकम शीर्षक | वजेट रकम | |
| १ | वडा कार्यलय, प्रहरी चौकी तथा गाउँपालिकामा चुस्त, दुरुस्त डिजिटल निरिक्षणका निमित्त आवश्यक डेश्कटप कम्प्युटर तथा फर्निचर खरिद तथा व्यवस्थापन गर्ने कार्य | २६०००००।०० | वडा कार्यलय, प्रहरी चौकी तथा गाउँपालिकामा चुस्त, दुरुस्त डिजिटल निरिक्षणका निमित्त आवश्यक डेश्कटप कम्प्युटर तथा फर्निचर खरिद तथा व्यवस्थापन गर्ने कार्य | ३१०००००।०० | रु ५ लाख थप गर्ने |
| २ | हवाई निरिक्षणका लागि ड्रोन खरिद | ७५०००००।०० | हवाई निरिक्षणका लागि ड्रोन खरिद | ४०००००।०० | ३ लाख ५० हजार घटाउने |
| ३ | एकिकृत सम्पती कर व्यवस्थापन प्रणाली विकास | ६५०००००।०० | एकिकृत सम्पती कर व्यवस्थापन प्रणाली विकास | ० | ६ लाख ५० हजार घटाउने |
| ४ | डिजिटल नागरिक वडापत्र | ३६०००००।०० | डिजिटल नागरिक वडापत्र | ८६०००००।०० | ५ लाख थप गर्ने |

**निर्णय नं. ७**

गण्डकी गाउँपालिका भित्रका गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा विभिन्न विषयगत शाखा अन्तर्गतवाट जनतामा गरिने सेवा सुविधा र वस्तु प्रवाहलाई थप प्रभावकारी ढंगवाट चुस्त, पारदर्शि, जवाफदेहि र जनउत्तरदायी वनाई शुसासन कायम गर्ने गराउने उद्देश्य सहित गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय र विषयगत शाखा अन्तर्गतका सवै कार्यालयहरुमा विदा तथा वायोमेट्रिक हाजिरी समेतलाई अनिवार्य गराइएको छ । तर अझै पनि कतिपय कार्यालयहरुमा कर्मचारीहरुको कार्यालय समयमा उपस्थिति नभएको, कार्यालयमा विदा नलिई आफुखुशी

अनुपस्थित हुने गरेको, सेवा प्रवाहमा जनउत्तरदायी हुन नसकेको भन्ने जस्ता जनगुनासोहरु आईरहेको सम्बन्धमा कर्मचारीहरुको विदा तथा हाजिरीलाई थप प्रभावकारी र गुनासो रहित वनाउदै लैजानु पर्ने भएको हुदाँ तपसिल बमोजिम गर्ने गराउने निर्णय गरियो ।

**तपसिल**

१) गाउँपालिकाको विषयगत शाखा अन्तर्गतका वडा तहका कार्यालयहरुमा कार्यरत (अधिकृत स्तर छैठौ तहका कर्मचारीहरु भन्दा तल्लो तहका कर्मचारीको हकमा मात्र) (स्वास्थ्य, कृषि, पशु आदी) कर्मचारीहरुको ३ दिन सम्मको भैपरी, विरामी र घर विदा सम्बन्धित शाखा प्रमुखले सम्बन्धित कार्यालयको प्रमुखको सिफारिसमा स्वीकृत गर्ने गरी प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित शाखा प्रमुखहरुलाई अधिकार प्रत्यायोजन गर्ने । यसरी विदा छाड्दा सम्बन्धित वडाका वडा सचिव तथा वडा अध्यक्षलाई जानकारी गराउने र अधिकृत छैठौ तथा सो भन्दा माथिका कर्मचारीको हकमा प्रमुख प्रशासकीय अधिकृत आफैले विदा स्वीकृत गर्ने ।

२) विषयगत शाखा अन्तर्गतका वडातहका कार्यालयका कर्मचारीहरुको ३-७ दिन सम्म सवै किसिमका विदा स्वीकृत गर्नु परेमा शाखा प्रमुखले वडा कार्यालयको सिफारिस समेत लिई प्रशासन शाखा प्रमुख समक्ष पेश गर्ने । यसरी प्रशासन शाखा प्रमुख ले विदा छाड्दा सम्बन्धित वडाका वडा सचिव तथा वडा अध्यक्षलाई जानकारी गराउने । ७ दिन भन्दा बढी सवै किसिमका विदा स्वीकृतिका लागी शाखा प्रमुखले वडा कार्यालयको सिफारिस समेत लिई प्रमुख प्रशासकिय अधिकृत समक्ष पेश गर्ने ।

३) वडा सचिवहरुको ७ दिनसम्मको विदा स्वीकृत गर्नु परेमा सम्बन्धित वडा अध्यक्षको समन्वयमा प्रशासन शाखा प्रमुखले विदा स्वीकृत गर्ने र सो को जानकारी सम्बन्धित वडामा दिने । ७ दिन भन्दा वढि विदा स्वीकृत गर्नु परेमा वडा सचिवहरुले प्रमुख प्रशासकिय अधिकृत समक्ष पेश गर्ने । ७ दिन भन्दा वढि विदा स्वीकृत गर्नु परेमा पंजिकाधिकारीको काममा असर नपर्ने गरी आवश्यक व्यवस्था मिलाएर मात्र विदा छाड्ने ।

४) गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयमा कार्यरत सहायक स्तर पाचौसम्मको कर्मचारीहरुको ७ दिनसम्मको भैपरी, विरामी तथा घर विदा कर्मचारी प्रशासन शाखा प्रमुखले स्वीकृत गर्ने गरी प्रमुख प्रशासकीय अधिकृतले प्रशासन शाखा प्रमुखलाई अधिकार प्रत्यायोजन गर्ने र ७ दिन भन्दा वढी विदा स्वीकृत गर्नु परेमा वा अधिकृत छैठौ तथा सो भन्दा माथिका कर्मचारीहरुको विदा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत गर्ने व्यवस्था मिलाउने ।

५) गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा विषयगत शाखा अन्तर्गतका सवै कार्यालयहरुमा वायोमेट्रिक हाजिरीलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाउने र वायोमेट्रिक हाजिरी प्रणाली जडान भएका सवै कार्यालयहरुमा वायोमेट्रिक हाजिरीलाई अनिवार्य गराउने यसको नियमित अनुगमन गर्ने र हाजिरी अनियमित भएको पाइएमा सम्बन्धित कार्यालयको प्रमुख समेतलाई जिम्मेवार वनाउने । मासिक रुपमा तलब भत्ता भुक्तानी गर्नुपूर्व सूचना प्रविधि शाखाबाट अनिवार्य रुपमा बायोमेट्रिक हाजिरी रुजु गरी प्रशासन शाखामा पेश गर्ने तथा प्रशासन शाखाले सम्पुर्ण वडा कार्यालय, स्वास्थ्य चौकी तथा विषयगत शाखाहरुबाट रजिस्टर हाजिरी समेत मगाई दुवै रुजु गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने । लामो समयसम्म अस्वभाविक रुपमा वा कार्यालयको कामकाजमा रहेको बाहेकका दिनहरुमा हाजिरी गयल देखिएमा सम्बन्धित कर्मचारी समक्ष स्पष्टिकरण माग्ने वा आवश्यक बमोजिमको विभागीय कारबाहीका लागी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने ।

**निर्णय नं. ८**

कार्यालय मार्फत कृषि तथा पशु शाखावाट पेश हुन आएको नर्सरी केन्द्र स्थापना कार्यविधि, २०७९ र रेविज सप्ताहा विशेष कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ आजको यस बैठकमा पेश भई छलफल भयो । सो सम्बन्धमा पेश भए बमोजिमको नर्सरी कार्यविधि, २०७९ र रेविज सप्ताह कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ स्वीकृत गर्ने र सोही कार्यविधिहरु अनुसार कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

गण्डकी गाउँपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयहरुमा अध्ययनरत कक्षा १ देखि ८ सम्मका विद्यार्थीहरुको लागि International Research Training and Development Center (TRTDC) परामर्शदाता मार्फत आवश्यक पाठ्यक्रम

तयार गर्ने लगाई कार्यालय मार्फत शिक्षा शाखावाट पेश हुन आएको स्थानीय पाठ्यक्रम उपर आजको यस बैठकमा छलफल भयो । सो सम्बन्धमा पेश हुन आएको उक्त स्थानीय पाठ्यक्रम स्वीकृत गर्ने र सोही पाठ्यक्रम लागू गरी कार्यान्वयन गर्दै जाने सन्दर्भमा आवश्यक पाठ्यपूस्तक गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुका शिक्षकहरु मार्फत सामाजिक विकास समितिसँग आवश्यक समन्य गरी तयार गर्ने प्रकिया अघि वढाउने निर्णय गरियो ।

**निर्णय नं. १०**

नेपाल सरकार संघीय शसर्त अनुदान कार्यक्रम अन्तर्गत सिमान्तकृत र दलित समुदायको गरीवी न्युनिकरण र क्षमता विकास कार्यक्रम कार्यान्वयनको लागि स्वीकृत सिमान्तकृत र दलित समुदायको गरीवी न्युनिकरण र क्षमता विकास कार्यक्रम कार्यविधि २०७८ मा उल्लेख भएका कार्यक्रम शीर्षक अन्तर्गत रही चालु आ.व. २०७९।८० मा तपसिल बमोजिम कार्यक्रम केन्द्रित गरी प्राथमिकताका आधारमा सञ्चालन गर्ने निर्णय गरियो ।

**निम्न**

सिप विकास तालिम कार्यक्रम
क्षमता विकास कार्यक्रम
व्यवसायीक पशु पालन कार्यक्रम
व्यवसायीक पक्षी पालन कार्यक्रम
व्यवसायीक तरकारी तथा फलफुल खेती कार्यक्रम

**निर्णय नं. ११**

गण्डकी गाउँपालिका वडा नं. १ स्थित मकैसिं प्राथमिक स्वास्थ्य केन्द्र भवनको जग्गा प्राप्ती प्रकिया सम्पन्न भइ जग्गाधनी प्रमाणपुर्जा समेत प्राप्त भई सकेको हुदाँ भवन निर्माण प्रकिया अघि वढाउन गाउँपालिका मार्फत तयार भएको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) सहित भवन्न निर्माणका लागि आवश्यक रकम समेत उपलव्ध गराई दिन स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ काठमाण्डौमा सिफारिस एवं अनुरोध गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. विविध**

१) आगलागीजन्य प्राकृतिक विपदका कारण घर गोठ जली धनमालको क्षेतीहुन गएको भनि गण्डकी गाउँपालिका वडा नं २ स्थित श्री मन वहादुर दमैले पेश गर्नु भएको निवेदन एवं प्रहरी मुचुल्का सहितको सिफारिसका आधारमा अग्नी पिडित निज श्री मन वहादुर दमैलाई विपद व्यवस्थापन शिर्षकवाट रु. २००००।०० बीस हजार आर्थिक सहायता स्वरुप उपलव्ध गराउने निर्णय गरियो ।

२) चालु आ.व. २०७९।८० मा शिक्षा तर्फको शसर्त वजेटवाट केन्द्रवाट छनौट भएका नमूना विद्यालय भौतिक निर्माण कार्यक्रम अन्तर्गत ज्ञानमार्ग मा.वि. प्रशासनिक भवन निर्माण कार्यको लागि प्राप्त वजेट ठेक्का लगाई वाँकी रहेको रकमवाट उक्त विद्यालयको मेशिनरीवाल वाल तथा रंगरोकन गर्ने कार्य गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित
२०७९।११।०२